# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०४।१२ गते

# प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---------------------------------------------------

बारा जिल्ला पचरौता नगरपालिकाका नायव सुब्बा बद्रीबहादुर थापाले महिला सशक्तीकरणसम्बन्धी अनुशिक्षण तालिम कार्यक्रमको भुक्तानीका लागि सिफारिस गर्नुपर्नेमा सो नगरी विभिन्न बहाना गरी सेवाग्राहीसँग घुस/रिसवत रकम माग गरेको भन्ने सूचना एवम् उजुरीको आधारमा निज नायव सुब्बा बद्रीबहादुर थापालाई सेवाग्राहीसँग घुस/रिसवत लिइसकेको अवस्थामा रङ्गेहात नियन्त्रणमा लिई अनुसन्धान हुँदा निज करार सेवामा कार्यरत नायव सुब्बा बद्रीबहादुर थापाले महिला विकास सशक्तीकरणको लागि निकासा भएको रकम भुक्तानी दिने प्रकृयाबापत भनी सेवाग्राहीसँग रू.१४,०००।—(चौध हजार) घुस लिएको पुष्टि हुन आएकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को कसुरमा निज नायव सुब्बा बद्रीबहादुर थापालाई बिगो रू.१४,०००।—(चौध हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता